# कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

प स 2066/06८ मिति २०७७/१०/७

च नं ३८

श्री सबै विद्यालय, कनकाई नगरपालिका जामुनबारी ।

विषय: शैक्षिक गन्तव्य कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा कनकाई नगरको स्वीकृत शैक्षिक गन्तव्य कार्यक्रम कार्यान्वयन सम्बन्धमा तपसिलका कार्यक्रम हुने भएकोले सबै विद्यालयहरूको अनिवार्य सहभागिताका लागि अनुरोध छ ।

तपसिल:

१. प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकहरूको विषयगत भेला: यो भेला निम्न मितिमा भृकुटी माविको हलमा बिहान १०:३० बजेदेखि सञ्चालन हुने भएको हुँदा तोकिएको दिन तोकिएको विषयका एक/एक जना शिक्षकहरूलाई अनिवार्य उपस्थिति गराउनु पर्नेछ ।
   - विषय नेपाली: मिति २०७७/१०/१३ गते, मंगलबार ।
   - विषय अंग्रेजी: मिति २०७७/१०/१४ गते, बुधबार ।
   - विषय गणित: मिति २०७७/१०/१५ गते, बिहीबार ।

२. कनकाई नृत्य तारा र कनकाई सङ्गीत तारा छनौट कार्यक्रम: सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूबाट दुबै विधाका उत्कृष्ट ५ तारा छनौट गर्ने कार्यका लागि प्रत्येक विद्यालयले दुबै विधाका १/१ जना विद्यार्थी छनौट गरी शिक्षा शाखामा जानकारी दिने र छनौट भएका विद्यार्थीलाई एक महिने तालिम तथा प्रशिक्षणका लागि मिति २०७७/१०/२५ गते बिहान १० बजे निम्न स्थानमा उपस्थित गराउनु पर्नेछ ।
   - गायन विधा तर्फ: सङ्गीत साधना कला केन्द्र, सुरुङ्गा। ध्रुव प्रसाद पाठक, सम्पर्क ९८०६००५५५३
   - नृत्य विधाका तर्फ: सुरुङ्गा नृत्य केन्द्र, सुरुङ्गा । अमन गुप्ता, सम्पर्क ९८१६९२८३१५

३. नगरले निकट भविष्यमा स्मारिका प्रकाशन गर्न लागेको हुँदा शिक्षक तथा विद्यार्थीहरूबाट लेख रचनाहरू तयार पार्न सम्बद्ध सबैमा सूचना तथा जानकारीका लागि समेत अनुरोध छ।

पिताम्बर गौतम
प्रमुख (उप-सचिव)
शिक्षा, युवा तथा खेलकुद शाखा